GSS

आपूर्तिकर्ताहरूको लागि विश्वव्यापी मानदण्डहरू

# सबै आपूर्तिकर्ताहरूले निम्नको अनुपालना गर्नुपर्नेछ:

HANES
Brands Inc

## रोजगारी अभ्यासहरू:

HanesBrands को कर्मचारीहरूसँग समानरूपमा र गर्व तथा सम्मानका साथ व्यवहार गर्ने जोडदार प्रतिबद्धता छ।
हामीले यो प्रतिबद्धता साझा गर्ने आपूर्तिकर्ताहरूसँग व्यवसाय गर्नेमा विश्वास गर्छौं।
हामीलाई सबै लागूयोग्य नियम तथा नियमनहरूको पालना गर्ने र सबै मानिसहरूको लागि आधारभूत मानव अधिकार समर्थन गर्ने आपूर्तिकर्ताहरूको आवश्यकता छ।

## बालश्रम:

अपूर्तिकर्ताहरूले स्थानीय अनिवार्य विद्यालय जाने उमेर वा कार्य संचालन गर्ने राष्ट्रको कानूनी रोजगारी उमेरको उल्लङ्घन गरेर मानिसहरूले रोजगारी दिनुहुनेछैन।
साथै, कुनै पनि मामिलामा आपूर्तिकर्ताहरूले लागूयोग्य बालश्रम आवश्यकताहरूद्वारा संरक्षित विज्ञापन वा सञ्चारमा कार्यरत बाल कलाकार वा मोडलहरूबाहेक 15 वर्षभन्दा कम उमेरका कामदारहरूलाई रोजगारी दिनुहुनेछैन।

## क्षतिपूर्ति:

आपूर्तिकर्ताहरूले न्यूनतम ज्याला, ओभरटाइम प्रिमियम, भत्ता र लाभहरूसँग सम्बन्धित सहित लागूयोग्य क्षतिपूर्ति नियम तथा नियमनहरूको अनुपालना गर्नुहुनेछ।
आपूर्तिकर्ताहरूले कानूनीरूपमा आवश्यक क्षतिपूर्ति वा विद्यमान उद्योग क्षतिपूर्तिमा जुन उच्च हुन्छ, कम्तीमा त्यसको भुक्तानी गर्नुपर्नेछ।

HanesBrands ले काम गर्ने सबैजनाको समान क्षतिपूर्तिको अधिकार हुन्छ भनी पहिचान गर्छ।

HanesBrands ले कूल क्षतिपूर्तिले (ओभरटाइमबाहेक, बोनस तथा केही लाभहरूकोसहित ज्यालाहरू) कामदारहरूलाई आधारभूत आवश्यकताहरू पूरा गर्नका साथै केही विवेकगत आम्दानी प्राप्त गर्न सक्षम गर्नुपर्छ भनी थप पहिचान गर्छ।
हामीले आपूर्तिकर्ताहरूलाई निष्पक्ष क्षतिपूर्तिको त्यस्तो तह उपलब्ध गराउन प्रोत्साहित गर्छौं।
यो लक्ष्य पूरा नहुँदा, आपूर्तिकर्ताहरूले उत्तरोत्तर क्षतिपूर्तिको तह पत्ता लगाउनको लागि उपयुक्त कदमहरू चाल्नका लागि हामीसँग कार्य गर्नुहुनेछ।

## गैर-भेदभाव:

आपूर्तिकर्ताहरूले व्यक्तिको जाति, रङ, लिङ्ग, राष्ट्रियता (वा जातियता), उमेर, धर्म, असक्षमता, यौनिक झुकाव, लैङ्गिक पहिचान, सैन्य स्थिति, वैवाहिक अवस्था र अन्य कुनै संरक्षित विशेषता वा विश्वासहरूको आधारमा रोजगारी, क्षतिपूर्ति, उन्नति, अनुशासन, खारेजी वा अवकाशमा भेदभाव गर्नुहुनेछैन।
HanesBrands ले सबैलाई बराबर अवसर उपलब्ध गराउने आपूर्तिकर्ताहरूलाई सहायता गर्नेछ।

## बलपूर्वक श्रम:

आपूर्तिकर्ताहरूले दासत्वसहित अनुबद्ध, कैदी वा करारबद्ध रूपमा कुनै पनि बलपूर्वक वा अनिच्छित श्रमको प्रयोग गर्नुहुनेछैन।

## संगठन र एकत्रित मोलतोलको स्वतन्त्रता:

आपूर्तिकर्ताहरूले कामदारहरूको स्वतन्त्र संगठनको अधिकारको प्रयोगलाई पहिचान र सम्मान गर्नुहुनेछ।
साथै, आपूर्तिकर्ताहरूले कामदारहरूको स्वतन्त्र एकत्रित मोलतोलको अधिकारको प्रयोग गर्ने वा नगर्ने अधिकारहरूलाई पहिचान र सम्मान गर्नुहुनेछ।

## सुरक्षा र स्वास्थ्य:

आपूर्तिकर्ताहरूले आफ्ना कामदारहरूको लागि सुरक्षित र स्वस्थ कार्य वातावरणको सञ्चालन गर्नुहुनेछ।
आपूर्तिकर्ताहरू आफ्नो कामदार, ग्राहक वा साधारण जनतालाई हुनसक्ने हानिलाई रोक्नको लागि असुरक्षित कार्य र अवस्थाहरूलाई हटाउनमा प्रतिबद्ध हुनुपर्छ।
लागूयोग्य स्थानमा, यो हाउजिङ र खाने सुविधाहरूमा पनि लागू हुन्छ।

## कार्यस्थलको उत्पीडन तथा दुर्व्यवहार:

आपूर्तिकर्ताहरूले कर्मचारीहरूलाई शारीरिक, मौखिक, यौनिक वा मनोवैज्ञानिक उत्पीडन गर्ने वा कर्मचारीहरूलाई अनुशासित गर्नको लागि शारीरिक वा भौतिक सजाय दिन गर्नुहुनेछैन।

## काम गर्ने समय:

आपूर्तिकर्ताहरूले काम गर्ने समयको सन्दर्भमा सबै लागूयोग्य नियम तथा नियमनहरूको पालना गर्नुहुनेछ।
अपवादजन्य अवस्थाहरूमा बाहेक, कामदारहरूले कानूनी सीमाहरू वा 12 घण्टा ओभरटाइमसहित साताको निरन्तर 48 घण्टामध्ये न्यून समयभन्दा बढी कार्य गर्नुहुनेछैन।
आपूर्तिकर्ताहरूले कामदारहरूलाई बाँकी 6 निरन्तर कार्यदिनहरूको कम्तीमा निरन्तर 24 घण्टा आराम गर्ने समय दिनुपर्छ।
निरन्तर रूपमा ओभरटाइमको अनुरोध गरिनेछैन र ऐच्छिक हुनुपर्छ।

## वातावरण:

HanesBrands ले समर्थ वातावरणीय व्यवस्थापनद्वारा विश्वव्यापी रूपमा वातावरणको गुणस्तरको रक्षा गर्ने कम्पनीको प्रतिबद्धतालाई साझा गर्ने आपूर्तिकर्ताहरूसँग व्यवसाय गर्ने मा विश्वास राख्छ।
आपूर्तिकर्ताहरूले सबै लागूयोग्य वातावरणीय नियम तथा नियमनहरूको पालना गर्नुहुनेछ र पालना नगरिएको परम्पराहरूलाई सुधार्नको लागि तुरुन्तै योजना र कार्यक्रमहरू विकास गरी कार्यान्वयन गर्नुहुनेछ।
आपूर्तिकर्ताहरूले फोहोर कम गर्ने र आफ्नो कार्यहरूको वातावरणीय प्रभावलाई कम गर्न र मेटाउनको लाहि जिम्मेवार विधिहरू अपनाउनुहुनेछ।

## भ्रष्टाचार-निरोध:

HanesBrands ले वैदेशिक भ्रष्टाचार अभ्यास कानून तथा U.K. घुसखोरी कानूनसहित सबै लागूयोग्य कानूनहरूको कडारूपमा पालना गर्छ र आपूर्तिकर्तालाई पनि सोही गर्न आवश्यक गर्छ।
आपूर्तिकर्ताहरूले HanesBrand को व्यावसायिक रूचिमा वृद्धि गर्नको लागि घुस दिने वा घुसखोरी कार्यहरूमा संलग्न हुने गर्नुहुनेछैन।
यसमा सरकारी अधिकारी, राजनैतिक पार्टी, राजनैतिक कार्यालयका उम्मेदवार वा निजी व्यक्तिहरूलाई सरकारी कर्मचारी वा अन्य व्यक्तिहरूको कार्य वा निर्णयहरूमा असर गर्ने प्रयोजनले, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, पैसा वा अन्य मूल्यवान वस्तुको प्रस्ताव गर्ने वा वाचा गर्ने कार्य पर्दछ।



© 2022 Hanesbrands Inc. सर्वाधिकार सुरक्षित।